**चीसोबाट बचौं**
- जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- बालबालिका तथा वृद्धवृद्धालाई तेल मालिस गरिदिऔं,
- बढी चीसोमा मर्निङवाक नगरौं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
epratekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ पुस १२ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 December 27 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ११९

## ज्येष्ठ नागरिक पार्कको लागि पहल भइरहेको छ -नगरप्रमुख

प्रस, वीरगंज, ११ पुस/

ज्येष्ठ नागरिक सङ्घ, पर्साले बिहीवार चौथो राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाएको छ ।


ज्येष्ठ नागरिक सावित्रीदेवी भूमिहारलाई सम्मान गर्दै । तस्वीरः प्रतीक

वीरगंज महानगर–१५ स्थित ज्येष्ठ नागरिक पार्कमा आयोजित कार्यक्रमको उद्घाटन गर्दै नगरप्रमुख राजेशमान सिंहले ज्येष्ठ नागरिक सङ्घलाई गरेको वाचा विभिन्न कारणले पूरा गर्न नसकेकोमा दुःख व्यक्त गरे ।

उनले सङ्घलाई व्यवस्थापकीय जिम्मेवारी दिएको र पार्कको सरसफाइमा ध्यान दिएको बताए । उनले रु सात करोड लागतमा पार्क पुनर्संरचना गर्न ईबिडिङ गर्न लागेको जानकारी गराए । पार्कको पुनर्संरचनाको लागि बजेट व्यवस्थापनलगायतका कार्यहरू भइरहेको र यसको लागि प्रदेश सरकारसँग पनि सहयोग माग गरिरहेको बताए ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले भौतिकताले समाज, संस्कृति पछाडि पर्दै गएकोमा चिन्ता व्यक्त गरे । उनले समाजको यथार्थबारे चर्चा र अनुभव साझा गर्दै पाखण्ड सबैभन्दा घातक रहेको र ज्येष्ठ नागरिकले बाहिर सम्मान पाउने तर घरभित्र आफ्नै छोरा, नातिबाट अपमानित हुनुपर्ने अवस्था रहेको बताए ।

प्रजिअ अर्यालले घरमा आमाबुबाको वास्ता नगर्ने तर सामाजिक सञ्जालमा आमाबुबालाई विभिन्न अवसरहरूमा प्रदर्शन गरेर वाहवाही कमाउने युवा समाजप्रति कटाक्ष व्यक्त गरे । उनले ज्येष्ठ नागरिकले पनि समयसापेक्ष नियतिलाई बुझ्नुपर्ने सुझाए ।

ज्येष्ठ नागरिक सङ्घ, मधेस प्रदेशका अध्यक्ष जगदीशप्रसाद शर्माले वर्तमान परिप्रेक्ष्यमा घरपरिवारको बनोट र परिभाषा फेरिंदै गएकोले सोही अनुकूल ज्येष्ठ नागरिकहरूले पनि आफूलाई समायोजन गर्नुपर्ने सुझाए ।

महानगरका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णले ज्येष्ठ नागरिकहरूले व्यक्तिगत, पारिवारिक र सामाजिक गरी तीन थरीका समस्या भोग्दै आएका र यसलाई व्यवस्थापन गर्ने विषयमा छलफल हुनुपर्ने बताए । उनले ज्येष्ठ नागरिकमैत्री महानगर बनाउन महानगरपालिका प्रतिबद्ध रहेको बताए ।

कार्यक्रममा ज्येष्ठ नागरिक जुमाद्दीन शेख हवारी र सावित्री भूमिहारलाई नगद रु पाँच हजारसहित दोसल्ला ओढाएर सम्मान गरिएको थियो । सङ्घ, पर्साका अध्यक्ष श्यामकुमार पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा प्रहरी उपरीक्षक कुमोद ढुङ्गेल, सङ्घका रमेश दत्त, रामानन्द कुर्मी, बिन्दु शर्मा, पुरुषोत्तम झा, उदयराज शर्मालगायतको सहभागिता थियो । कार्यक्रममा उपाध्यक्ष बैधनाथप्रसाद कोइरीले स्वागत र सहजीकरण सचिव विनयराज गौतमले गरेका थिए ।

## पोखरियामा मालपोत र नापीको सेवाकेन्द्र स्थापना गर्ने निर्णय

प्रस, वीरगंज, ११ पुस/

प्रधानमन्त्री केपी शर्मा ओलीको निर्देशनबमोजिम भूमि व्यवस्था, सहकारी तथा गरीबी मन्त्रालयको प्रस्तावमा पर्सा जिल्लाको पोखरिया नगरपालिकामा मेन्टेनेन्स नापी तथा भूमिसुधार तथा मालपोत कार्यालयको सेवाकेन्द्र स्थापना गर्ने मन्त्रिपरिषद्ले निर्णय गरेको छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताले मङ्गलवार बसेको मन्त्रिपरिषद्को बैठकले पर्सा जिल्लामा जनसङ्ख्याको चाप, सेवा लिनुपर्ने ठाउँको दूरी तथा समयलगायतका विषयलाई विश्लेषण गर्दै सेवाप्रवाहलाई छिटो, छरितो, प्रभावकारी र नागरिकमैत्री बनाइ समयमैं सेवा उपलब्ध गराउने उद्देश्यले पोखरिया नगरपालिकामा तत्कालको लागि भूमिसुधार तथा मालपोत र मेन्टेनेन्स नापी कार्यालयको सेवाकेन्द्र स्थापना गरी सेवा सञ्चालन गर्ने निर्णय गरेको बताए ।

पोखरियालगायत पर्साका ग्रामीण भेगमा बसोबास गर्ने बासिन्दालाई सरकारी सेवामा सहज पहुँच पुऱ्याउन यो निणयले ठूलो सहयोग पुग्ने मन्त्री गुप्ताले बताए ।

प्रस्तावमाथि मन्त्रिपरिषद् बैठकले छिट्टै निर्णय गर्दै कार्यालय सञ्चालनमा ल्याउने अपेक्षा रहेको उनले बताए । पर्सा जिल्लामा सरकारी कार्यालयहरू मालपोत, नापी र जिल्ला प्रशासन कार्यालयका सेवाकेन्द्र स्थापनाका लागि स्थानीय पालिका, राजनीतिक दलका प्रतिनिधिहरूले लामो समयदेखि पहल गर्दै आएका थिए । राष्ट्रिय मुक्ति क्रान्ति पार्टीका केन्द्रीय सदस्य नेजामुद्दीन समानीले पनि सरकारी सेवाकेन्द्र पोखरियामा स्थापनाका लागि पहल गर्दै आएका थिए ।

पूर्वनगरप्रमुख दीपनारायण रौनियारदेखि हालका नगरप्रमुख प्रद्युम्न चौहानले स्थानीय जनप्रतिनिधिहरूलाई सहभागी गराएर सङ्घ तथा प्रदेश सरकारको यस विषयमा बारम्बार ध्यानाकर्षण गराउने कार्य गरेका थिए ।

गत साता मन्त्रिपरिषद्को बैठकले पोखरिया जिल्ला अस्पताललाई प्रादेशिक अस्पतालमा स्तरोन्नति गर्ने निर्णय गरेको थियो ।

## दुर्घटनामा मृत्यु भएका मिश्रका परिवारजनद्वारा प्रदर्शन

प्रस, वीरगंज, ११ पुस/




वीरगंज महानगरपालिका–२४ सुक्खा बन्दरगाहचोकमा बुधवार राति भारतीय ट्रकको ठक्करबाट मृत्यु भएका राज मिश्रका परिवारजनले बिहीवार दिनभरि सडक अवरुद्ध गरी धर्ना दिएका छन् ।

परिवारजनले सडकमा विरोध प्रदर्शन गरेपछि सुक्खा बन्दरगाह चोक दिनभरि तनावपूर्ण रह्यो । नम्बर खुल्न नसकेको भारतीय ट्रकले बुधवार राति ना.२५प ९०९१ नम्बरको मोटरसाइकललाई ठक्कर दिंदा मोटरसाइकलमा सवार राज मिश्रको घटनास्थलमैं मृत्यु भएको थियो भने कलैया उपमहानगरपालिका–६ का २८ वर्षीय सन्दीप पाण्डे घाइते भएका छन् । घाइते पाण्डेको नारायणी अस्पतालमा उपचार भइरहेको छ ।

मोटरसाइकललाई ठक्कर दिने ट्रकको पहिचान नभएपछि दर्जनौं ट्रकलाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक किशोर लम्सालले बताए ।

प्रत्यक्षदर्शीका अनुसार घटनास्थलनजीकै प्रहरी भएपनि भारतीय ट्रकले ठक्कर दिएर फरार भएको थियो ।

## बहुदरमाई नपामा भएको आगजनीमा एक करोडको क्षति
## कार्यालय सञ्चालनमा आउन अझै समय लाग्ने

नरेश यादव, पर्सागढी, ११ पुस/




बहुदरमाई नगरपालिकामा गत शुक्रवार पुस ५ गते भएको आगजनीबाट करीब एक करोड रुपैयाँभन्दा बढीको क्षति भएको र हालसम्म कार्यालय सञ्चालनमा आउन नसकेको नगरप्रमुख सिंगासन साहले बताएका छन् ।

उनले विद्यार्थीहरूलाई उक्साएर राजनीतिक प्रतिशोध साँध्ने कार्यले आगजनी भएको र यसबाट नगरपालिकामा ठूलो क्षति पुगेको बताए । नगरप्रमुख साहले फर्निचर, कम्प्युटर, ल्यापटप, ब्याट्रीमा आगजनी भएको र अनुमानित ९५ लाखभन्दा बढीको क्षति भएको प्रारम्भिक अनुमान गरिएको बताए । नगरप्रमुख साहले हाल कार्यालय सञ्चालनमा आउन नसकेको तर सञ्चालनको तयारी भने भइरहेको बताए ।

प्रमुख प्रशासकीय अधिकृत शेरे मुस्तुफाले आगजनीको कारण कार्यालय पूर्णरूपमा सञ्चालनमा आउन नसके पनि आकस्मिक कामहरू भइरहेको जानकारी गराए । उनले दैनिकरूपमा कर्मचारी आउने, हाजिरी गर्ने र आकस्मिक कामहरू गरिरहेको बताए । उनले नियमित कामहरू प्रभावित भएका र त्यसलाई व्यवस्थित गर्ने प्रयास भइरहेको बताए ।

अर्द्धवार्षिक परीक्षामा विलम्ब भएको भन्दै बहुदरमाई नपामा रहेका सामुदायिक विद्यालयका विद्यार्थीहरूले पुस ४ गते आन्दोलन गरेका थिए । पुस ५ गते बिहान १० बजे सर्वपक्षीय बैठक बसेर समस्याको समाधान गर्ने मिति तय भएपनि सोअगावै विद्यार्थीहरूले बहुदरमाई नपा कार्यालयमा पुगेर फर्निचरलगायत यान्त्रिक सामानहरूमा आगजनी गरेका थिए । यो आगजनी शिक्षक र राजनीतिककर्मीको उक्साहटमा विद्यार्थीहरूले गरेको नगरप्रमुख साहले आरोप लगाएका छन् ।

बहुदरमाई नपाको चालू आवको बजेट पारित भएपनि खाता सञ्चालनमा आउन सकेको छैन र अहिलेसम्म त्यहाँका शिक्षक, कर्मचारीहरूले तलब पाएका छैनन् । कात्तिक ८ गते नगरसभा भएपछि त्यसको जानकारी नगरप्रमुखले सङ्घीय मामिला तथा स्थानीय प्रशासन मन्त्रालयमा दिनुपर्नेमा अहिलेसम्म लिखित जानकारी नदिएकै कारण खाता सञ्चालनमा आउन नसकेको हो ।

नगरप्रमुख साह र उपप्रमुख सुषमा कुशवाहाबीच लामो समयदेखि गुटबन्दी भई विवाद जारी छ । यही गुटबन्दीमा प्रमुख प्रशासकीय अधिकृत मुस्तफा बहुमत बोर्ड सदस्य रहेको उपप्रमुखको पक्षमा छन् ।

उनले पछिल्लो समय स्वास्थ्यकर्मीहरू बहाल गर्दा नगरप्रमुख रिसाएका हुन् र त्यसै समयदेखि बहुदरमाईमा बेथिति बढ्दै गएको हो । उपप्रमुख कुशवाहा एमालेबाट निर्वाचित भएको र अहिले सो क्षेत्रका एमाले सांसद राजकुमार गुप्ता सङ्घीय मामिला तथा स्थानीय प्रशासन मन्त्री भएका कारण प्रमुख प्रशासकीय अधिकृत मुस्तफाको सरुवा हुन सकेको छैन ।

नगरप्रमुख साहले प्रमुख प्रशासकीय अधिकृत मुस्तुफाको सरुवा हुनुपर्ने माग गर्दै आएका छन् । उनले नपाको बेथिति बढाउनमा प्रमुख प्रशासकीय अधिकृत मुस्तफाको भूमिका रहेको र उनको चालचलन निको नभएको भन्दै सरुवाको माग गर्दै आएका छन् । उपप्रमुख कुशवाहालगायत वडाध्यक्ष र कार्यपालिका सदस्य गरी ११ जना प्रमुख प्रशासकीय अधिकृत मुस्तफाको बचाउमा छन् । उनीहरूले बहुदरमाईमा बेथिति बढ्नुको सम्पूर्ण जिम्मेवारी नगरप्रमुखको भएको आरोप लगाउँदै आएका छन् ।

राजनीतिक असन्तुलनका कारण बहुदरमाईमा विवाद बढ्दै गएको छ र यसको समाधान तत्काल हुने देखिएको छैन ।

## पर्सागढीमा सात सयजनाको मोतीबिन्दुको शल्यक्रिया गरिने




प्रस, पर्सागढी, ११ पुस/

पर्सागढी नगरपालिकाको आयोजना तथा तिलगङ्गा आँखा प्रतिष्ठान काठमाडौंको आयोजनामा पर्सागढी नपा–४ बर्वाटाँडीमा बिहीवारदेखि तीन दिने निश्शुल्क आँखा शल्यक्रिया शिविर सञ्चालन भएको छ ।

पर्सागढी नपाको आयोजना र तिलगङ्गाको सहकार्यमा यस अघि नपाका नौवटै वडामा निश्शुल्क आँखा शिविर सञ्चालन गरिएको थियो । शिविरमा १६०० जनाले आँखा जाँच गराएकामा ७०० जनामा मोतीबिन्दु फेला परेको शिविरका सहयोगी महेशसिंह धामीले बताए ।

उनले तीन दिने शिविरमा ७०० जनाको मोतीबिन्दुको निश्शुल्क शल्यक्रिया गरिने बताए । बिहीवार २३० जनाको नाम दर्ता भएको र उनीहरूको शल्यक्रिया गरिने जानकारी दिए ।

नेरामावि, बर्वाछटौलीमा आयोजित निश्शुल्क शल्यक्रियामा डा सागर रोहित, डा एलिना घलान, डा दीक्षा विष्टले शल्यक्रिया गरेको र सोको सहजीकरण चन्द्रकला राईले गर्दै आएको सहयोगी धामीले बताए ।

## विद्युत चुहावट गर्ने छजना पक्राउ

प्रमोद यादव, पंचगावाँ, ११ पुस/

विद्युत् चुहावटको आरोपमा नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्रले छजनालाई पक्राउ गरेको छ ।

वितरण केन्द्र पोखरिया अन्तर्गत विद्युत् चुहावट नियन्त्रण टोलीले इलाका प्रहरी कार्यालय, पोखरिया र सशस्त्र प्रहरी सुरक्षा बेस क्याम्पको सहयोगमा बुधवार राति पर्साका विभिन्न पालिकामा छापा मारी छजनालाई पक्राउ गरेको जनाएको छ ।

विद्युत् चुहावट नियन्त्रण टोलीका इन्चार्ज सद्दाम हुसेन नेतृत्वको टोलीले छापा मारी छिपहरमाई गाउँपालिका–१, भलुवहियाका धर्मेन्द्रप्रसाद यादव, वडा

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**अनुशासन कठिन हुन्छ तर बानी परेपछि सफलताको ग्यारेन्टी दिन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# प्रयोगशाला विस्तार गरौं

**नेपालमा विगतमा भन्दा हरिया तरकारी तथा फलफूलको उत्पादन र उपभोग दुवैमा वृद्धि भएपनि विषादी प्रयोगमा सचेत हुन सकेको छैन । यो क्षेत्र विषादी प्रयोगका कारण गम्भीर स्वास्थ्य र पर्यावरणीय समस्याको स्रोत बन्दै आएको छ। हालै धनुषाको ढल्केबरमा विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला स्थापना गरियो, यो स्वागतयोग्य पहल हो । तर यसरी एक/दुई स्थानमा प्रयोगशाला स्थापनाले मात्र विषादीको भयावह समस्यालाई न्यूनीकरण गर्न पर्याप्त हुँदैन । स्वस्थ उपभोग्य वस्तु उपभोग गर्न पाउनुपर्ने उपभोक्ताको अधिकार हो । यस्ता प्रयोगशाला हरेक तरकारी बजारमा हुनुपर्छ । लगानी लाग्ला, एउटा प्रयोगशाला स्थापना गर्दा ४० लाख रुपैयाँ लागेको छ । विषादीयुक्त तरकारी तथा फलफूलको उपभोगबाट सृजित घातक रोगहरूका कारण वार्षिक अबौं रुपैयाँको क्षति छ । सङ्घ वा प्रदेश सरकारको मुख ताक्ने होइन, हरेक पालिकामा त्यहाँको पालिका सरकारले विषादी प्रयोगशाला स्थापना गर्नुपर्छ । पालिकावासीको स्वास्थ्यभन्दा ठूलो चीज अरू के हुन सक्छ ? हरिया तरकारी र फलफूल उत्पादनमा अत्यधिक विषादीको प्रयोग भइरहेको छ ।**

**तरकारी, फलफूलमा प्रयोग भएका विषादी सेवनका कारण क्यान्सर, मिर्गौलासम्बन्धी रोग, पेटको समस्या र मानसिक स्वास्थ्यमा असरलगायतका स्वास्थ्य समस्या निम्तिने गरेको छ। विषादीका अवशेषले मानवको स्वास्थ्य प्रतिरक्षा प्रणालीमा नकारात्मक प्रभाव पार्छ । विषादी प्रयोग गर्नै नहुने भन्ने कुरा होइन। विषादी प्रयोगको मात्रा र अवधिले फरक पर्छ। उपभोक्ताले विषादी प्रयोगको समय र मात्राबारे जानकारी नपाउँदा विषादीयुक्त तरकारी र फलफूल उपभोग गरिरहेका छन् । अधिकांश नेपाली कृषकले विषादी प्रयोग गर्छन् । विषादी प्रयोगपछि उपभोग्य अवधि नहुँदै तरकारी तथा फलफूल बजारमा पुऱ्याउने कृषक पनि धेरै छन् । यसले स्थिति झन् भयावह बनाएको छ। सङ्घीय सरकारको पहलमा ढल्केबरमा स्थापना भएको प्रयोगशालाको सहीरूपमा प्रयोग हुन सके सो क्षेत्रका उपभोक्तालाई प्रत्यक्ष फाइदा पुग्नेछ । तर उपभोक्ता र विक्रेता दुवैको अचेतनपनका कारण प्रयोगशाला पूर्णरूपले प्रयोगमा आउने कुरामा पनि शङ्का छ। ३५ प्रतिशतभन्दा कम विषादी भएका कृषिउपज खानयोग्य हुन्छन्। यो तथ्य कृषक, उपभोक्ता र विक्रेताले जान्न जरुरी छ ।**

**कृषकलाई विषादी छर्ने समय, मात्रा र त्यसपछि उत्पादन कति दिनपछि टिप्न मिल्छ भन्नेबारे जानकारी गराउनुपर्छ। यो प्रयोगशालाको स्थापनाले अब त्यस क्षेत्रका कृषक, विक्रेता र उपभोक्तामा यी जानकारी सञ्चार हुनेछन् । प्रयोगशाला स्थापनालाई विषादीको समस्या समाधानतर्फ पहिलो कदम मान्नुपर्ने हुन्छ । बाँकी कुरा यसपछिका हुन् । अटेर गरी उपभोग्य मात्राभन्दा बढी विषादी प्रयोग गर्ने वा उपभोग्य मिति नहुँदै बजारमा ल्याउने कृषक तथा विक्रेतालाई गरिने कारबाईका कुराहरू यसपछि होला । भारतबाट आयात हुने तरकारी र फलफूल झन् विषादीयुक्त छन्। परीक्षणविना नै बजारमा पुग्ने गरेका छन्। यसले उपभोक्ता स्वास्थ्यमा झन् ठूलो जोखिम थपेको छ । सीमानाकामा विषादी परीक्षण प्रयोगशाला नहुँदा भारतीय उत्पादनले नेपाली बजारमा निर्बाधरूपले उपभोक्ता पाएका छन् । भारतीय तरकारीमा विषादीको स्तरबारे भारतमैं कुरा उठिरहँदा पनि नेपाली उपभोक्तालाई जानकारी छैन । यसर्थ पनि हरेक नाकामा प्रयोगशाला स्थापना आवश्यक छ ।**

# धर्मान्तरणका दुःखद घटना

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


**जबसम्म नेपालमा गैर हिन्दू धर्मको प्रचार–प्रसारका लागि विदेशबाट पैसा आउनेछ तबसम्म सबै धर्म समान रहेको कसरी मान्न सकिन्छ ? इसाईकरण हुन्छ, इस्लामकरण हुन्छ, बौद्धकरण पनि हुन्छ, ओशोकरण हुन्छ तर हिन्दूकरण हुनै सक्दैन ।**

"गोराहरू हाम्रो भूमिमा आए र भने– आऊ तिमी हामी सबैका लागि प्रार्थना गरौं, तब हामी आँखा चिम्लेर प्रार्थना गर्न थाल्यौं, आँखा खोलेर हेर्छौं त उनीहरूको बाईबल हाम्रो हातमा, हाम्रो जमीन उनीहरूको हातमा पुगेछ"– डेसमन्ड टुटु ।

डेसमन्ड टुटु (१९३१) दक्षिण अफ्रिकामा जन्मेका सामाजिक अधिकार अभियन्ता हुन् । शान्तिका लागि सन् १९८४ मा नोबेल पुरस्कारबाट सम्मानित उनी केपटाउन शहरका पहिलो आर्कविशप र दक्षिणी अफ्रिकाको प्रान्तीय चर्च (हाल दक्षिण अफ्रिकी एङलिकन चर्च) का विशप भएर सेवा निवृत्त भए। सन् ८० को दशकमा रंगभेद नीतिको विरोधी प्रभावकारी अभियान र शान्तिपूर्ण सङ्घर्षका कारण विश्वभरि नै उनको लोकप्रियता शिखरमा पुगेको थियो । कतिपयले उपरोक्त भनाइ डेसमन्ड टुटुको नभई जोमो केन्याताको भएको दाबी पनि गर्दछन् जो 'होलोकस्ट' ले १९६४ मा प्रकाशित गरेको 'द डेपुटी, ए क्रिस्चियन ट्रेजडी' नामक आख्यान नाटकको ११४ पृष्ठमा उल्लिखित छ । उनले यो भनाइ कुनै स्रोतबाट लिएका हुन् वा उनको मौलिक हो कहीं पाइएको छैन। स्टेभेन गिसले लेखेको विरूप टुटुको जीवनी 'डेसमन्ड टुटुः अ बायोग्राफी' (२००४) मा चाहिं उनले यो ठट्टाका रूपमा भनेको र आफ्नो मौलिक चिन्तन नभएको बताएका छन्। त्यसपछि नेल्सन मन्डेलालगायत धेरै रंगभेद विरोधी अभियन्ताहरूले यसलाई आफ्नो भाषणहरूमा उद्धृत गरेको पाइन्छ ।

"When the missionaries came to Africa they had the Bible and we had the land. They said–"Let us Pray". We closed our eyes. When we opened then we had the Bible and they had the land.

बाइबललाई कतिपय निहित स्वार्थीहरूले साम्राज्यवादको एउटा खुट्टो बनाइरहेका छन् । तर साम्राज्यवादको धूवाँधार विरोध गर्ने कतिपय कम्युनिस्टहरू यस खुलेआम गोप्य (ओपन सेक्रेट) को विरोध गर्न सक्दैनन्, चाहँदैनन् । किनकि उनीहरूमध्ये कतिपयको भान्सा र गुजारा यिनै बाइबलधारी मिसनरी 'सिदा' बाट चल्दै आएको छ। नेपालमा माओवादीको एक दशक लामो सशस्त्र सङ्घर्षमा जातीय विद्वेष र घृणा फैलाउने, हत्या, हिंसा अपहरण र आतङ्क मचाउने र क्रिस्चियनिटीको प्रचार प्रसार बढेको प्रस्ट उदाहरण छ ।

नेपालमा डलर खेती गर्नेहरू खुलेआम क्रिस्चियन धर्मको प्रचारमा लागेका छन्। पहिले दुर्गम र पिछडिएको पहाडी क्षेत्रमा क्रिस्चियन धर्मको प्रचार–प्रसार भइरहेको थियो । अहिले आएर तराई–मधेसका गाउँ–गाउँ यसका गतिविधिहरू देखिएका छन् । कतिपय सरकारी स्कूलमा समेत क्रिस्चियन धर्मको खुलेआम प्रचार भइरहेको पाइएको छ ।

क्रिस्चियन धर्मको अवस्था नेपालमा अन्य धर्महरू भन्दा फरक किसिमको रहेको छ। यो वर्ष सन् २०८१ को लागि मात्रै समाज कल्याण परिषद्मा १०१ वटा आइएनजिओले २२ अर्ब २२ करोड रुपियाँ नेपालमा खर्च गर्नेगरी स्वीकृति गराएका छन् । त्यसमध्ये ६ अर्ब ३ करोड ९० हजार रुपियाँ हिन्दु र बौद्ध धर्मावलम्वीलाई क्रिस्चियनमा धर्मान्तरण गराउने उद्देश्यले छुटचाइएको हो । (स्रोत १२ खरी अनलाइन) । खुलारूपमा ६ अर्ब ३ करोड ३० लाख धर्मान्तरणका लागि आएको हो तर घुमाउरोरूपमा बाँकी पैसा पनि यसै काममा खर्च आउने सम्भावनालाई खारेज गर्न सकिंदैन । संसारभर धर्मान्तरण गराउन इसाई मिसिनरीहरूलाई पश्चिमी मुलुकहरूले राज्य तहबाट नै बजेट विनियोजन गरेका हुन्छन्। वर्ल्ड भिजन नामक एउटा गैर सरकारी संस्था नेपालमा कार्यरत छ, यसको केन्द्रीय कार्यालयको वार्षिक बजेट लगभग ३.४ अर्ब अमेरिकी डलर थियो। आइएनजिओहरू नेपालमा थुप्रै सङ्ख्यामा छन् । यस्ता संस्थाहरूको गतिविधिले अन्ततः कमजोर बनाउने भनेको नेपालको धर्म, संस्कृति र पहिचान नै हो। नेपालमा रहेका हिन्दू, बौद्ध, किराँत बोन धर्मावलम्बी भएको गाउँगाउँ घरघरमा गएर तिनीहरूलाई इसाई धर्ममा धर्मान्तरण गराउन विदेशबाट वार्षिक बजेट आउने गरेको छ तर त्यही अनुसारको बजेट हिन्दू, बौद्ध, किराँत बोनका लागि कहाँबाट आउँछ । सबै धर्मलाई समान अवसर प्रदान गर्ने नाममा देशलाई धर्मनिरपेक्ष घोषित त गरियो तर धर्म सापेक्ष राष्ट्रहरू क्रिस्चियन तथा इस्लामले आफ्नो धर्मको प्रचार प्रसारका लागि नेपालमा पैसा पठाउँछ तर हिन्दू धर्मका लागि त्यस्तो केही पनि छैन । अब यस्तोमा सबै धर्मले समानताको अधिकार कहाँ प्राप्त गरे त ? यहाँ त ठूलो असमाानता हुन पुग्यो। कि त इसाई मसिनरीको रकम रोक्नुपऱ्यो होइन भने नेपालका सनातन धर्म, बौद्ध र किराँत धर्मलाई राज्यको सुरक्षा घेरा भित्र राखी विशेष अवसर दिनुपर्छ, होइन भने सनातन धर्म सापेक्ष घोषित गर्नुपर्छ ।

जबसम्म नेपालमा गैर हिन्दू धर्मको प्रचार–प्रसारका लागि विदेशबाट पैसा आउनेछ तबसम्म सबै धर्म समान रहेको कसरी मान्न सकिन्छ ? इसाईकरण हुन्छ, इस्लामकरण हुन्छ, बौद्धकरण पनि हुन्छ, ओशोकरण हुन्छ तर हिन्दूकरण हुनै सक्दैन । यो बौद्धिक सनातन धर्म हो । मानिस जन्मँदै हिन्दू हुन्छ। यो प्राकृतिक धर्म हो ।

नेपाललाई विदेशी मिसिनरीको दबाबमा धर्मनिरपेक्ष घोषित गरियो । धर्म र व्यक्ति दुई फरक विषय हुन् । नेपालमा हिन्दू, बौद्ध, क्रिस्चियन र इस्लाम धर्म मान्नेहरू व्यक्तिगतरूपमा कमजोर हुन सक्दछन् तर तिनको धर्म कमजोर छैन। सबैभन्दा कमजोर हिन्दू धर्म हो, जसको संरक्षण, संवर्द्धन र विकासका लागि न विदेशबाट सहयोग आउँछ न राज्यले नै अनुदान दिन्छ । नेपालमा हिन्दू धर्म मान्नेहरू व्यक्तिगत रूपमा त धनी हुन सक्दछन् तर हिन्दू धर्म धनी छैन। इस्लाम धर्म मान्नेहरूको धार्मिक स्थल र शैक्षिक स्थलको विकासका लागि विदेशबाट पनि सहयोग आउने गर्दछ। नेपाली मुसलमानहरू गरीब हुन सक्दछन् तर इस्लाम मान्ने राष्ट्रहरू गरीब छैनन्। त्यसैगरी नेपालमा इसाई धर्म मान्नेहरू गरीब होलान्, तर इसाई धर्म मान्ने राष्ट्रहरू विश्वमा धेरै छन् र हरेक किसिमले सम्पन्न र सबल छन् । तसर्थ नेपाललाई धर्म निरपेक्ष घोषित गर्नुको अर्थ सनातन धर्म संस्कृतिलाई कमजोर बनाउनु हो। नेपालका हिन्दूहरू डलर, पेट्रोडलर रियाल र दरहमसित प्रतिस्पर्धा गर्न सक्दैनन् । ८५ प्रतिशत हिन्दू र ९५ प्रतिशत ओमकार परिवारका सदस्य भएको देशलाई धर्मनिरपेक्ष घोषित गर्नु दुर्भाग्यपूर्ण थियो ।

फिलिपिन्सको युनिफिकेशन चर्चका प्रमुख नेपाल आएका बखत जसरी उनको धार्मिक कार्यक्रममा सहभागिता जनाउन नेपालका राजनीतिज्ञ, पत्रकार र बुद्धिजीवीहरूबीच प्रतिस्पर्धा चलेको थियो, जसरी होली बाइन ग्रहण गर्ने बेला देशका प्रतिष्ठित नेताहरू गर्वपूर्वक सहभागी भएका थिए । त्यसले के पनि साबित गर्दछ भने नेपालमा इसाई धर्मको प्रचार–प्रसारमा यहाँका प्रमुख राजनीतिक दलहरूको पनि मौन समर्थन रहेको छ। केही वर्ष अघि नेपालका इसाईहरूले पशुपतिनाथ परिसरमा आफ्नो पनि अन्त्येष्टिका लागि ठाउँ उपलब्ध हुनुपर्ने माग गरेका थिए। उनीहरूको मनोबल बढ्नुमा नेपालका राजनीतिज्ञहरूको हात हुनुपर्दछ। कम्युनिस्टहरूले विश्वमा कहीं पनि इसाई र इस्लाम धर्ममाथि प्रहार गरेका छैनन् तर उनीहरू केवल हिन्दू धर्ममाथि मात्रै प्रहार गर्दछन् । किनभने यसको वैचारिक धरातल बलियो छ । यसको इतिहास गौरवशाली छ ।

# शैक्षिक केन्द्र बन्दै बर्दिवास

गोपालप्रसाद बराल
महोत्तरी, ११ पुस/रासस

मधेसको पूर्व–पश्चिम लम्बाइमा करीब मध्यमा पर्ने महोत्तरीको बर्दिवास नगर क्षेत्र शैक्षिक केन्द्र बन्दैछ । यस अघिदेखि विभिन्न सङ्कायका विधामा उच्च शिक्षाको केन्द्र रहँदै आएको बर्दिवासमा भर्खरै पशु स्वास्थ्य विज्ञान सङ्कायको कलेज स्थापनाको प्रक्रिया अघि बढेपछि यो नगर क्षेत्र शैक्षिक केन्द्र बन्न लागेको हो ।

बर्दिवासमा मधेस कृषि विश्वविद्यालयले पशु स्वास्थ्य विज्ञान कलेज बनाउने प्रक्रिया अघि बढाइएको छ। कृषि, पशु स्वास्थ्य विज्ञान, मत्स्य विज्ञान, खाद्य प्रविधि र वन विज्ञानसमेत पाँच विधाको अध्ययन हुनेगरी २०७८ सालमा स्थापित मधेस कृषि विश्वविद्यालयले पशु स्वास्थ्य विज्ञानको पठनपाठन र प्रयोगात्मक अभ्यासका लागि बर्दिवासमा उच्च शिक्षा पूरा गरिने कलेज निर्माण हुन लागेको मधेस कृषि विश्वविद्यालयका रजिष्टार डा भगवान ठाकुर बताउँछन् । कलेजका लागि बर्दिवास–१३ विजलपुराको नदीउकास जग्गाबाट ५१ बिघा उपलब्ध गराउने बर्दिबास नगरपालिकाको सिफारिशलाई प्रमुख जिल्ला अधिकारी नेतृत्वको जग्गा दर्ता सिफारिश समितिले निर्णय गरिसकेको प्रमुख जिल्ला अधिकारी लालबाबू कवारीले बताए ।

नगरपालिकाले २०७९ पुसमैं यो कलेज स्थापनाका लागि राष्ट्रिय योजना आयोगमा प्रस्ताव लग्यौं, कानूनी प्रक्रिया पूरा गर्दै अघि बढ्दा केही समय लागे पनि अब भने यसले गति समातेको बर्दिबास नपाका प्रमुख प्रह्लादकुमार क्षेत्री बताउँछन्। सरकारले प्रारम्भिक चरणमैं




तस्वीरः रासस

आर्थिक वर्ष २०८०/८१ मा भेटेरिनरी कलेज निर्माणका लागि तीन वर्षे अवधिको क्रमागत योजना अन्तर्गत रु नौ करोड ५० लाख विनियोजन गरेको थियो। तर त्यतिखेर कलेजका लागि जग्गाप्राप्तिको विषय अघि नबढ्दा अन्योलमा परेको थियो। सङ्घीय सरकारले चालू आर्थिक वर्ष २०८१/८२ को बजेटमा पनि भेटेरिनरी कलेजको विषय समावेश गरेको छ ।

जग्गाप्राप्तिको अन्तिम निर्णय भएपछि यसैपालि भेटेरिनरी अस्पताल, पशु शय्या (बिरामी पशु राखिने ठाउँ) प्रयोगशाला र कर्मचारी आवासका संरचना निर्माणको काम तत्कालै थालिने मधेस कृषि विश्वविद्यालयले जनाएको छ। रजिष्टार डा ठाकुर भन्छन्, "तीन वर्षभित्र कलेजका संरचना निर्माणका काम सकिनेछन्, त्यसलगत्तै पठनपाठन र अभ्यास शुरू गर्न सकिन्छ ।"

बर्दिबास नगर क्षेत्र कृषि र यस अन्तर्गतको पशुपालन व्यवसायको उर्वर ठाउँ भएको हुँदा यहाँ स्थापना हुने पशु स्वास्थ्य विज्ञान कलेजको स्थापनाले उच्च शिक्षा लिने मात्र नभई सर्वसाधारण किसान पनि लाभान्वित हुने नगरप्रमुख क्षेत्रीको विश्वास छ। "यहाँ स्थापना भई सञ्चालन हुने भेटेरिनरी कलेजबाट यहाँ पशुपालन व्यवसाय प्रवर्द्धनमा मदत पुग्नेछ," क्षेत्री भन्छन्, "यहाँबाट उत्पादन हुने पशु स्वास्थ्य विज्ञान विषयका दक्ष जनशक्तिले मुलुककै समृद्धिमा योगदान दिनेछन् ।"

बर्दिबासमा अहिले भेटेरिनरी कलेज स्थापनाको कुराले नगर विभिन्न विधाको औपचारिक शिक्षाको मुख्य गन्तव्य (केन्द्र) बन्ने नगरवासीको विश्वास छ । "हाम्रो नगर शैक्षिक गन्तव्यको मुख्य थलो बन्दैछ," भेटेरिनरी कलेज स्थापनाको कुराले उत्साहित भएका बर्दिबास जनता बहुमुखी क्याम्पसको प्राज्ञसभाका अध्यक्ष भरतबहादुर हमाल भन्छन्, "यसले बर्दिबासलाई शैक्षिक गन्तव्यको थलोका रूपमा विकास हुनमा थप आधार बनाउनेछ ।"

बर्दिबासमा यस अघिदेखि नै वाणिज्य र शिक्षा सङ्कायको त्रिविवि अन्तर्गतको बर्दिबास जनता बहुमुखी क्याम्पस, प्राविधिक धारतर्फका आठभन्दा बढी विधाको पठनपाठन र अभ्यास हुने निर्मल लामा बहुप्राविधिक शिक्षालय र कृषि विश्वविद्यालय रामपुर सम्बन्धनको कृषि सङ्कायका विभिन्न विधाको पठनपाठन हुने प्राकृतिक स्रोत कलेज सञ्चालनमा छन् । स्नातक तहसम्मका यी शैक्षिक प्रतिष्ठानले बर्दिबासलाई शैक्षिक केन्द्रका रूपमा परिचय दिएको छ। अब भेटेरिनरी कलेज स्थापनाको कुराले यसमा थप बल पुग्ने शिक्षाविद् बर्दिबास–१ का बासिन्दा लीलाविक्रम थापा बताउँछन् ।

शिक्षा सङ्कायमा स्नातकोत्तर र वाणिज्यमा स्नातक तहसम्मको पठनपाठन हुने बर्दिबास जनता क्याम्पसमा अहिले एक हजार तीन सय बढी छात्रछात्रा अध्ययनरत छन् । यसैगरी, स्नातक

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ – उद्योग – वाणिज्य

## देश गरीब हुने कारण

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**नेपालको सामाजिक मनोविज्ञान पनि बिरामी छ। हाम्रो सामाजिक मनोविज्ञान बिरामी भएकोले नै हामी आर्थिक विकासको बाटोमा पछाडि परेका हौं। देश साधन र स्रोतले भरिपूर्ण छ। तर आर्थिक विकास हुन सकिरहेको छैन।**

अहिलेसम्म पनि स्वीकृति परम्परागत मान्यताले के भन्छ भने धनी देशहरू गरीब देशहरूको शोषण गरेर धनी भएका हुन्छन्। अन्य विभिन्न देशका स्रोत र साधनहरू प्रयोग गरेर धनी भएका हुन्छन्। अर्थात् धनी हुनका लागि धनी देशहरूले गरीब देशहरूको आर्थिक शोषण गर्छन्।

धनी हुनका लागि नै विगतमा अनेक देशहरूले उपनिवेश खडा गरेका थिए। विशाल बेलायती साम्राज्य अनेक देशहरूको साधन र स्रोतहरूको दोहन गर्नका लागि नै स्थापना भएको थियो। रोमन, फ्रेन्च, स्पेनिस, पुर्चुगिजहरूले अन्य देशहरूको साधन र स्रोत प्रयोग गरेर आफू धनी र बलियो हुन अनेक देशहरूलाई आफ्नो उपनिवेश बनाएका थिए। ब्रजील बाहेक, दक्षिण अमेरिकाका लगभग सम्पूर्ण देशहरू कुनै बेला स्पेनिस उपनिवेश थिए। यसैगरी अफ्रिकाका धेरै देशहरू पोर्जुगिज, फ्रेन्च र ब्रिटिशहरूको उपनिवेश थिए। कुनै समय ब्रिटिशहरूको उपनिवेश उत्तर अमेरिका, अफ्रिका मात्र होइन एशियासम्म पनि विस्तार भएको थियो। हाम्रो छिमेकी राष्ट्र भारतमा नै ब्रिटिशहरूले लामो समय प्रत्यक्ष शासन गरेका थिए।

धनी र बलियो हुनका लागि नै एउटा देशले अनेक देशहरूको आर्थिक शोषण गर्दछ भन्ने धारणामा कम्युनिस्टहरूले बलियो विश्वास गर्छन्। कम्युनिस्टहरूले यो भ्रम अहिले पनि छरिरहेका छन् र यै भ्रम छरेर अनेक देशहरूमा शासन गर्न वा चुनावमा विजयी भएर सत्ता हातमा लिन सफल भएका छन्। कम्युनिस्टहरूले धनी देशहरूलाई दिने एउटा प्रचलित नाम छ। त्यो हो पूँजीवादी देश। कम्युनिस्टहरूका अनुसार धनी देशहरूले गरीब देशहरूको शोषण गरेर देशभित्र विशाल पूँजी निर्माण गरेका हुन्छन् र त्यो पूँजीको प्रयोग आफ्नो देशलाई झनै र बढी धनी बनाउ प्रयोग गर्छन्। त्यो पूँजीको प्रयोग अन्य राष्ट्रहरूलाई आफ्नो नियन्त्रणमा राख्नसमेत गर्छन्।

विभिन्न राष्ट्रमाथि उपनिवेश खडा गरेर केही देशहरू धनी हुने जमाना अहिले छैन। अहिले संसारको कुनै पनि देशमा अर्को देशको उपनिवेश छैन। अहिले विश्वमा उपनिवेश स्थापना गर्ने पद्धति समाप्त भए अनुसार देशहरू गरीब हुने (धनी देशहरूले शोषण गरेको कारण) क्रम समाप्त हुनुपर्ने हो। होइन त? कुनै बेलाका उपनिवेश राष्ट्रहरू भारत, बर्मा, मलेशिया, येमन, मोरक्को, सोमालिया, अल्जेरिया, मरूटानिया, चाड, अङ्गोला, लिबिया, रवान्डा आदि अहिले धनी हुनु पर्ने होइन र? उल्टो सोमालिया, येमन, रवान्डाजस्ता देशहरूमा अनेक किसिमका सङ्घर्ष जारी छन्।

अहिले पनि विभिन्न देशहरू झनै गरीब हुने वा गरीबीको कुचक्रबाट बाहिर आउन नसक्नुको कारण के होला त?

धनी देशहरू विभिन्न राष्ट्रहरूको र खासगरी गरिब राष्ट्रहरूको आर्थिक शोषण गरेर धनी हुन्छन् वा भएका हुन् भन्ने मान्यता सर्वकालीन सत्य होइन। र पूर्ण सत्य पनि होइन। यो मान्यता कुनै समय सही थियो। तर अहिले भने छैन। अहिले केवल न्यूनरूपमा मात्र सही छ।

अहिलेको वर्तमान विश्वमा कुनै पनि देशलाई गरीब पार्ने एउटा बलियो कारण अति सक्रिय रहेको देखिएको छ। त्यो बलियो कारण सामाजिक मनोविज्ञान हो। अहिले विभिन्न राष्ट्रहरूलाई त्यस देशभित्र प्रचलित रहेको सामाजिक मनोविज्ञानले गरीब बनाउन प्रभावकारी भूमिका खेलिरहेको छ। अफगानिस्तान, नेपाल, सुडान, इथियोपिया, नाइजेरिया, सोमालिया, माली, हाइटीलगायत एशिया, अफ्रिका र दक्षिण अमेरिकाका विभिन्न राष्ट्रहरू सामाजिक मनोविज्ञानको कारण गरीब हुन पुगेका छन्। तुलनात्मकरूपमा झन्झन् गरीब हुँदै गएका छन्।

कमजोर र रोगी सामाजिक मनोविज्ञानका कारण विभिन्न देशहरू गरीबीको अवस्थामा रहन बाध्य भएका छन्। त्यति मात्र होइन, विभिन्न राष्ट्रहरूको कमजोर र रोगी सामाजिक मनोविज्ञानले अन्य विभिन्न राष्ट्रहरूलाई धनी हुन सहयोगसमेत पुऱ्याइरहेको छ।

धार्मिक कट्टरता, लैङ्गिक असमानता, छुवाछूत, जातपात, आर्थिक भ्रष्टाचार, नैतिक भ्रष्टाचार, पदीय भ्रष्टाचार, कमजोर नैतिकता, बेइमानी, स्वार्थ सर्वोच्चता आदि यस्ता तत्त्व हुन् जसले एक विशेष किसिमको सामाजिक मनोविज्ञान निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। कुनै पनि सामाजिक मनोविज्ञानमा माथिका तत्त्वहरू अति सक्रिय भएमा सामाजिक मनोविज्ञान कमजोर एवं रोगी हुन पुग्छ। र कमजोर मनोविज्ञानले देशको आर्थिक विकास हुन दिंदैन। कसरी? उत्तर सजिलो छ। र यस प्रश्नको उत्तर खोज्न धेरै पर पनि पुग्नुपर्दैन। केही पर रहेको हाम्रो छिमेकी राष्ट्र अफगानिस्तानलाई हेरे पुग्छ।

अफगानिस्तानको कमजोर सामाजिक मनोविज्ञानले पुरुष र महिला बीच ठूलो विभेद गर्छ। महिलाहरूलाई पुरुष सरह अधिकार र सुविधा दिंदैन। अफगानिस्तान लैङ्गिक असमानताको ठूलो पक्षधर हो। अफगानिस्तानको रोगी र कमजोर सामाजिक मनोविज्ञानले महिलाहरूलाई स्कूल, कलेज र कार्यस्थलमा जान बन्देज गर्छ। उच्च शिक्षाबाट र सरकारी सेवाबाट वञ्चित गर्छ। अफगानिस्तानको सामाजिक मनोविज्ञानले देशको आधा आकाश बोक्ने महिलाहरूलाई शिक्षाबाट वञ्चित गरेपछि कसरी देशको आर्थिक विकास सम्भव हुन सक्छ? देश झन् गरीब हुन्छ। देशभित्र उत्पादन गतिविधि कम हुन्छ र अन्य विभिन्न देशबाट आयात गर्ने स्थितिमा पुग्छ। अन्य देशलाई धनी पार्ने स्थिति आफैंले सृजना गर्छ, अफगानिस्तानले गरेजस्तै।

दक्षिण अमेरिकाका अनेक राष्ट्रहरूलाई भ्रष्टाचार र अपराधले अति नै सताएको छ। दक्षिण अमेरिकाका केही देशहरूमा सरकार र अपराधी सङ्गठन (लागू औषधीका तस्कर) हरूले समानान्तर सरकार चलाएको सुनिएको छ। केही देशहरूमा सरकार कमजोर छ, अपराधी सङ्गठनहरू बलिया छन्। देशभित्र सुरक्षा व्यवस्था अति कमजोर भएर, आफ्नो र परिवारको ज्यान हर घडी असुरक्षित हुने देखेर, ज्यान जोगाउनैका लागि भए पनि, लाखौं मानिस बलपूर्वक, गैरकानूनीरूपमा, संयुक्त राज्य अमेरिका प्रवेश गर्न खोजेको समाचारहरू जति पनि सुन्न पाइन्छ। अर्थात् बढ्दो अपराधका कारण दक्षिण अमेरिकाका केही राष्ट्रहरूमा सामान्य नागरिकहरूलाई बाँच्न कठिन छ। दक्षिण अमेरिकाका केही राष्ट्रमा व्याप्त सामाजिक मनोविज्ञानले ती देश र तिनका जनतालाई गरीब पार्न महत्त्वपूर्ण भूमिका खेलिरहेको छ।

दक्षिण अमेरिकाका देशहरूमा अफ्रिकाका देशहरूमा जस्तो जातीय हिंसा ठूलो समस्याको रूपमा देखिएको त छैन तर लागू पदार्थका तस्करहरूद्वारा मचाइएका अनेक किसिमका हिंसाहरू भने ठूलो समस्याको रूपमा देखिएको छ। र ती हिंसाहरूले दक्षिण अमेरिकी देशहरूलाई धनी हुन दिइरहेको छैन। उल्टो गरीब पारिरहेको छ। र ती देशहरू राष्ट्रिय सुरक्षाका लगि संयुक्त राज्य अमेरिकाको शरणमा जान बाध्य भएका छन्।

नेपालको सामाजिक मनोविज्ञान पनि बिरामी छ। हाम्रो सामाजिक मनोविज्ञान बिरामी भएकोले नै हामी आर्थिक विकासको बाटोमा पछाडि परेका हौं। देश साधन र स्रोतले भरिपूर्ण छ। तर आर्थिक विकास हुन सकिरहेको छैन। देशभित्र रोजगार नभएर हामी केवल रोजगारका लागि विश्वका अनेक देश पुगिरहेका छौं।

हाम्रो रोगी सामाजिक मनोविज्ञानले त्यागी, इमानदार र कर्मठ नेताहरूको जन्म हुन दिइरहेको छैन। नेपालको आर्थिक विकासको लागि नेताहरूबीच समझदारी र सहकार्य हुन सकिरहेको छैन। देश आर्थिक विकास गर्न कुनै पनि दल र नेता त्याग गर्न तयार छैन। हरेक दलले सत्तामा पुग्न षड्यन्त्र गर्छ। हरेक नेता मन्त्री, प्रधानमन्त्री हुन बेइमानी र जालझेलमा सक्रिय हुन्छ। नेपालको आर्थिक विकास गर्न कुनै पनि नेता पद, शक्ति र सत्ता परित्याग गर्न तयार छैन। यस्तो गरेर पनि हुन्छ आर्थिक विकास? यस्तो गरेर आर्थिक विकास झनै अवरुद्ध हुन्छ।

हाम्रो सामाजिक मनोविज्ञान भविष्यमा पनि अहिलेको जस्तै रोगी हुने हो; इमानदार, त्यागी र कर्मठ नेताहरूको जन्म नहुने हो भने नेपालमा गरीबी मात्र वृद्धि हुने होइन देशको सार्वभौम सत्ता पनि सङ्कटमा पर्न सक्छ।

नेपालजस्तो स्रोत र साधनहरूले भरिएको देशमा आर्थिक विकस गर्न धेरै काम गर्नुपर्दैन। केवल एउटा कुरा मात्र गरिदिए हुन्छ। नेताहरूले एउटा कुरा गरिदिए हुन्छ। नेताहरू इमानदार, त्यागी र कर्मठ भइदिए पुग्छ। वर्तमानका नेताहरू इमानदार, त्यागी र कर्मठ भइदिए आर्थिक विकासको गतिले तीव्रता लिने थियो। त्यति मात्र होइन, आउने पुस्ताका नेताहरू पनि पाठ सिक्दै, इमानदार, त्यागी र कर्मठ हुने थिए। देशभित्र इमानदार, त्यागी र कर्मठ नेता जन्म लिने संस्कारको सूत्रपात हुने थियो।



**हात्ती तथा पर्यटन महोत्सव**ः चितवनको सौराहामा बिहीवारदेखि शुरू भएको हात्ती तथा पर्यटन महोत्सवस्थलतर्फ लग्दै गरेका हात्तीहरू। तस्बिरः चन्द्रकला क्षेत्री/रासस

## कोइलाभारमाई र भुमरीमाई पर्यटकीय स्थलः व्यवस्थापन र सरसफाइमा चुनौती

प्रमोद यादव, पंचगावाँ, ११ पुस/

पर्सा जिल्लाको उत्तरी क्षेत्रमा अवस्थित पर्यटकीय स्थलहरू कोइलाभारमाई र भुमरीमाई धार्मिक आस्थाको केन्द्र मात्रै नभई प्राकृतिक सौन्दर्यले भरिएका आकर्षणका केन्द्र पनि हुन्। यहाँ दैनिकरूपमा नेपालका विभिन्न क्षेत्रबाट मात्र होइन, छिमेकी देश भारतबाट समेत भक्तजन र पर्यटकहरू आउने गर्छन्।



तस्वीरः प्रतीक

**कोइलाभारमाई मन्दिरः व्यवस्थापन र सुविधाहरू**

कोइलाभारमाई मन्दिरमा आगन्तुकहरूको सुविधाका लागि सिंढी व्यवस्थितरूपमा बनाइएको छ। घना जङ्गलले घेरिएको यो स्थान प्राकृतिकरूपमा निकै रमणीय छ। तर शौचालयको उचित सरसफाइ र त्यस क्षेत्रमा फैलिएका फोहरले भक्तजन र पर्यटकहरू समस्यामा पर्छन्।

**भुमरीमाईः धार्मिक र प्राकृतिक पर्यटन स्थल**

भुमरीमाई धार्मिक पर्यटन तथा सामाजिक संस्थाको व्यवस्थापनमा सञ्चालित यस स्थलमा बुलबुले ताल, शिव मन्दिर, काली मन्दिर, विवाह मण्डप, धर्मशाला र पिकनिक स्पट रहेका छन्। पर्यटकहरूका लागि यी संरचनाहरू आकर्षणको केन्द्र बनेका छन्। तर सरसफाइको अवस्था निकै कमजोर छ। फोहोर व्यवस्थापन गर्न बजेट अभाव र जनशक्ति नहुँदा समस्या झन् जटिल बनेको छ।

**समस्याहरू र समाधानका प्रयासहरू**

**फोहोर व्यवस्थापनः** पिकनिक गर्नेहरूद्वारा प्लास्टिकजन्य फोहोर र अन्य अव्यवस्थितरूपमा फालिएका फोहोरले वातावरणलाई कुरूप बनाइरहेको छ।



**शौचालय सुविधाः** दुर्गन्धित वातावरणले पर्यटकहरूलाई असहज बनाएको छ।

**सरसफाइ अभियानः** कोइलाभारका वडाध्यक्ष राजकुमार खवासले साप्ताहिकरूपमा नियमित सफाइ गर्न कर्मचारी खटाउने प्रतिबद्धता जनाएका छन्।



कोइलाभारमाई मन्दिरको पिकनिकस्थलमा रमाउँदै बाँदरहरू।

**बजेट अभावः** भुमरीमाई संस्थाका अध्यक्ष कुमार बस्नेतका अनुसार फोहोर व्यवस्थापनका लागि बजेट अभाव मुख्य समस्या बनेको छ।

**समाधानका उपायहरूः**



पिकनिक गर्नेहरूले जथाभावी फालेका फोहर।

१. नियमित सरसफाइ सञ्चालन।
२. शौचालय निर्माण र व्यवस्थापन।
३. जनचेतना कार्यक्रममार्फत आगन्तुकलाई फोहोर व्यवस्थापनमा सहभागी गराउने।
४. स्थानीय तहबाट बजेट र जनशक्ति व्यवस्थापन।

# प्रभावहीन युवा लक्षित कार्यक्रमले अर्थतन्त्रमा सकस

अर्थ–उद्योग–वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**सरकारले युवावर्गलाई उद्यमी, स्वरोजगार, व्यवसायी बनाउनका लागि ल्याएको कार्यक्रमलाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ । राजनीतिक दलले आफ्नो सरकार गठन भएका बेला युवावर्गलाई योजनामा जागीर दिंदै आएका छन् । जसका कारण युवामैत्री कार्यक्रम राजनीतिक दलका युवाहरूको रोजगार केन्द्र जस्तै भएको छ ।**

सरकारले दशकौंदेखि हरेक आर्थिक वर्षमा युवा वर्गलाई समेट्नेगरी बजेट कार्यक्रम विनियोजन गर्ने गरेको छ । तर यसको कार्यान्वयनको पाटो भने फितलो हुँदै गएको छ। सरकारले आर्थिक वर्षपिच्छे ल्याएका युवामैत्री योजना थोरै मात्र लक्षित वर्गसम्म पुग्ने गरेका छन् । सरकारले २०१७ सालदेखि हालसम्म युवाका लागि दर्जनभन्दा बढी लोकप्रिय योजना तथा कार्यक्रम सार्वजनिक गर्दै आएको छ । तर यस्ता योजना तथा कार्यक्रम प्रायः असफल नै हुँदै आएको देखिन्छ । युवालक्षित कार्यक्रमलाई प्रभावकारी र एकीकृतरूपमा कार्यान्वयन गर्न युवा तथा खेलकूद मन्त्रालय अन्तर्गत गठन भएको राष्ट्रिय युवा परिषद्लाई परिचालन गर्न थालिएको पनि झन्डै एक दशक हुन थालेको छ । युवाकै लागि सरकारले अबौं बजेट विनियोजन गरेर पनि त्यो बजेटको उपभोग युवावर्गले गर्न पाएको छैन। यसको असर समग्र अर्थतन्त्रमा मात्रै होइन, युवामा समेत निराशा छाउने गरेको छ । फलस्वरूप युवापुस्ता विदेशिन बाध्य छन् ।

पछिल्लो जनगणना अनुसार नेपालमा १६ देखि ४० वर्ष उमेर समूहका युवाको जनसङ्ख्या ४२.५६ प्रतिशत छ । झन्डै आधाको हाराहारी भएका युवाका लागि एकदमै न्यून बजेट विनियोजन गर्ने गरिन्छ। युवाका लागि बजेट बढ्नुपर्नेमा झनै बजेट दिन प्रतिदिन घट्दो क्रममा छ। राज्यको झन्डै आधाको हाराहारीमा भएका युवा जनसङ्ख्याका लागि एक प्रतिशत पनि बजेट छुट्टिन नसक्नु युवापुस्तामा थप नैराश्यता छाउने कारण हो। पछिल्लो समय नेपालमा तीव्र दरमा उत्पादनशील उमेरको श्रमशक्ति विदेशिने गरेको छ। दक्ष, अदक्ष र अर्धदक्ष तीनै प्रकृतिका तथा हुने खाने र हुँदा खाने दुवै प्रकृतिका १८ देखि ४५ वर्ष उमेर समूहका जनशक्ति रोजगार वा अध्ययनका लागि तीव्र गतिमा विदेशिने गरेका छन् । पछिल्लो समय स्वदेशमा भविष्य छैन भन्ने घोर निराशावादी र नकारात्मक मनोविज्ञानको निर्माण हुन थालेको छ । योसँगै जसरी पनि मुलुक छाड्नैपर्छ भन्ने भाष्य आमरूपमा स्थापित भइरहेको छ। अवसरको खोजीमा रहेको जनशक्तिलाई स्वदेशमा टिकाउन उपदेश, राष्ट्रभक्तिका राग र अनुरोधबाट मात्र सम्भव देखिएको छैन् ।

अहिलेको २१औं शताब्दीमा आर्थिक स्वतन्त्रता, आत्मसम्मान र पहिचानसहितको गुणस्तरीय जीवनको सम्भावना भएका स्थानमा श्रमशक्ति आकर्षित हुनु स्वाभाविक हो । तर यो व्यक्तिगतरूपमा लाभप्रद भएपनि राज्यको दृष्टिकोणले मानवीय पूँजी पलायन हुनु आर्थिक र सामाजिकरूपमा सम्पन्न मुलुकका लागि दयनीय अवस्था हो । स्वदेशमैं अहिले श्रमशक्तिलाई टिकाउनेभन्दा पनि विदेश पठाउनेहरू बढी सक्रिय देखिएका छन् । स्वदेशमा सम्भावना नभेटेपछि आर्थिक जीविकोपार्जन एवं अध्ययनका लागि बाहिरिने नेपालीको सङ्ख्या पछिल्लो समय बढ्दै गएको देखिन्छ । वैदेशिक रोजगार विभागका अनुसार चालू आर्थिक वर्षको पहिलो पाँच महीनामा तीन लाखभन्दा बढी युवाले श्रम स्वीकृति लिएका छन् । विगत पाँच वर्षमा मात्रै साढे २५ लाख युवाले वैदेशिक श्रम स्वीकृति लिएको वैदेशिक रोजगार विभागले जनाएको छ । विभागका अनुसार गत आर्थिक वर्षमा सात लाख ७१ हजार ३२७ जनाले वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएका थिए। जुन विगत पाँच वर्षको तुलनामा सबैभन्दा उच्च हो । आर्थिक वर्ष २०७८/७९ मा छ लाख २८ हजार, आर्थिक वर्ष २०७७/७८ मा एक लाख ६६ हजार ६९८, आर्थिक वर्ष २०७६/७७ मा तीन लाख ६८ हजार ४३३ र आर्थिक वर्ष २०७५/७६ मा पाँच लाख ८८ हजारले स्वीकृति लिएका थिए । यसको सकारात्मक प्रभाव विप्रेषणमा पनि देखिएको छ । यसरी विप्रेषण बढ्दा मुलुकको आर्थिक क्षेत्रमा सकारात्मक प्रभाव परेको छ। विप्रेषण बढेर आएको कारण नै नेपालको बाह्य पक्ष सबल देखिएको अवस्था छ । तर विप्रेषणले मुलुकको आर्थिक अवस्था सुदृढ हुँदैन । अर्थतन्त्र सबल र सुदृढ हुनका लागि वस्तु निर्यात, पर्यटनको विकास र वैदेशिक लगानी भित्रिनुपर्छ ।

अहिलेको प्रवृत्तिले अर्थतन्त्रलाई उत्पादनमा जोड दिंदैन, परनिर्भरता बढाउँछ। यसरी विदेशिएका युवाहरूले पठाएका विप्रेषणले उनका घरपरिवारको दैनिकी चलाउन त सहज भएको छ । तर मुलुकको श्रमशक्ति बाहिरिएकोले रोजगारको गन्तव्य रहेका मुलुक त बन्छन्, श्रमशक्ति निर्यात गर्ने मुलुकको विकासले फड्को मार्न सक्दैन। स्वदेशमैं रोजगारको वातावरण, उद्यमशीलता र काम अनुसारको दाम व्यवस्था हुन्थ्यो भने विकासका संवाहक युवा बाहिरिनुपर्ने थिएन। बर्सेनि आउने बजेटमा युवालक्षित कार्यक्रम प्राथमिकतामा नपर्नु, थोरै बजेट विनियोजन हुनु र विनियोजन भएको थोरै बजेट र कार्यक्रम पनि फ्रीज हुने अवस्था उत्पन्न हुँदा युवाले आफू राज्यबाट हेपिएको महसूस गर्नु स्वाभाविक हो। नेपालमा रहेका तीनै तहका सरकारले युवा पलायन रोक्न कुनै ठोस कार्यक्रम ल्याउन सकेका छैनन् भने ल्याएका केही कार्यक्रममा पनि चरम राजनीतिले ओझेलमा पर्ने गरेका छन् । वैदेशिक रोजगारबाट देशभित्र विप्रेषण भित्रिनु र राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउनुलाई केही हदसम्म राम्रो मान्न सकिए पनि कर्मशील र जुझारु युवा रोजगारकै लागि विदेश पलायनले गाउँ, घर सुनसान बनेका छन् भने खेतीयोग्य जमीन बाँझो छन् । सरकारले सङ्घको बजेटमा मात्र नभई तीनै तहका सरकारमा युवालक्षित कार्यक्रम ल्याउनुपर्छ। स्थानीय तहमा युवा स्रोत केन्द्रको स्थापना गरी युवाको धारणा बुझ्ने, व्यावसायिक सेवा र परामर्श कक्षको स्थापना गर्ने, स्थानीय उत्पादनमा प्रोत्साहन गर्ने, कृषि र पशुपालनमा अनुदानको व्यवस्था गर्ने, घरेलु तथा साना उद्योग स्थापना गर्ने, पर्यटन र खेलकूदमा युवा प्रोत्साहित गर्ने, स्थानीयस्तरमैं विभिन्न तालीमको व्यवस्था गर्नेलगायतका विषय सङ्घदेखि स्थानीयस्तरमैं प्राथमिकतामा राख्नुपर्ने हुन्छ ।

यस्तै, राष्ट्रको विकास आर्थिक विकासमा निर्भर हुन्छ र आर्थिक विकास उद्यमशीलतामा निर्भर रहन्छ । उद्यमशीलताले नै देशमा बेरोजगार युवाको सहयोग भएर रोजगार सिर्जना गर्छ । उद्यमीको उद्यमशीलता र लगनशीलताले नै आज विश्वका धनी राष्ट्रको अर्थतन्त्रमा बृहत्तर विकास सम्भव भएको छ। आगामी बजेटमार्फत सरकारले युवापुस्तालाई कसरी उद्यमशील बनाउने भन्नेतर्फ जोड दिनुपर्छ। नेपालमा प्रदान गरिने शिक्षा विश्वबजारमा निकै कमजोर मानिने गर्छ। फलस्वरूप विश्वबजारमा प्रतिस्पर्धा गर्ने नेपाली युवालाई यहाँ प्रदान गरिने शिक्षा र दक्षता विश्वबजारमा प्रतिस्पर्धा गर्न सक्नेगरी परिमार्जन हुनुपर्छ । योग्यता, क्षमता अनुसारको रोजगार र पेशा नहुँदा युवापुस्ता चिन्तित छन्। त्यसैले मर्यादित सीप र पेशाका लागि बजेटले सम्बोधन गर्नुपर्ने हुन्छ । युवालाई परिवार र राज्यप्रतिको दायित्वबोध गराउने, नवीनतम प्रविधि र डिजिटल अर्थतन्त्रको पहुँच र अभ्यास गर्न उत्प्रेरणा जगाउने कार्यमा समावेश गर्नुपर्छ । नेपाललाई कृषिप्रधान देश भनेर समेत चिनिन्छ । स्थानीयस्तरमैं पनि धेरै युवाले कृषि र पशुपालनको क्षेत्रमा काम गरेर आत्मनिर्भर हुन चाहेका हुन्छन् तर उनीहरूसँग लगानी गर्न आर्थिक अभाव छ । सरकारले कृषि र पशुपालनमा अनुदानको व्यवस्था गरेर युवाका लागि नेपालमैं बस्ने वातावरण बनाउनुपर्छ । यसका लागि केन्द्रीय सरकारले युवाका लागि युवालाई उद्यम बनाउने, स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने, कृषि र पशुपालनमा अनुदानको व्यवस्था गर्ने, उद्योग र कलकारखानाको स्थापना गर्ने, स्थानीय तहसम्मै युवाका लागि तालीमका अवसर दिनेलगायतका विषय प्राथमिकतामा राख्नुपर्नेछ ।

अहिलेको युग सूचना प्रविधिको हो। त्यसैले युवालाई सूचना प्रविधिसँग जोड्न “युवा र सूचना प्रविधि” तालीम सञ्चालन गर्न सकिन्छ। जसले नेपाली युवालाई विश्वमा जोड्न सकिन्छ । नेपालमा कस्तो खालको प्राविधिक ज्ञान तथा सीपको आवश्यकता परेको छ, त्यसका आधारमा तालीमलाई लक्षित गर्नुपर्छ। हरेक प्रदेशमा युवालाई वित्तीय साक्षरता तालीम सञ्चालन गर्ने, युवा वैज्ञानिकलाई समेटेर उनीहरूलाई प्रोत्साहन गर्दै राष्ट्रिय तथा प्रदेशस्तरीय युवा वैज्ञानिक सम्मेलन गरी नयाँनयाँ खोज तथा प्रविधिलाई राज्यबाट सहयोग दिलाउने योजना बनाउने र वातावरण संरक्षणमा युवावर्गलाई संलग्न गराउन प्रदेशस्तरीय जलवायु सम्मेलन आयोजना गरी जलवायुसँग युवालाई दक्ष बनाउने र अन्तर्राष्ट्रिय स्तरमा नेपाली युवाको प्रतिनिधित्व गराउन पहल गर्दा युवा थप समक्ष बन्ने अपेक्षा गर्न सकिन्छ। यसका लागि सातवटै प्रदेशमा दिगो विकास लक्ष्यसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, युवामा स्वयंसेवी भावना विकास गर्ने खालका कार्यक्रम सञ्चालन गर्ने, स्थानीयस्तरमा रहेका विभिन्न रैथाने खानेकुराको संरक्षणमा टेवा पुग्ने खालका कार्यक्रम आवश्यक छ । युवा उद्यमशीलतालाई प्राथमिकतामा राखी युवा स्वरोजगार कोषलाई परिचालन गरी नयाँ स्टार्टअपमा लगानी गरी उनीहरूलाई थप प्रचारप्रसार गर्नेगरी कार्यक्रम तयार गर्नेलगायतका मुद्दालाई बजेटमा ल्याउनुपर्ने अहिलेको आवश्यकता छ। गत आवमा स्थानीय सरकारसँगको सहकार्यमा युवा स्टार्टअप अनुदान कार्यक्रम सञ्चालनका लागि एक अर्ब २० करोड बजेट विनियोजन भएको थियो। तर त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। त्यसैले युवालाई परियोजनाको आधारमा उद्यमशीलताका लागि सहुलियतपूर्ण कर्जा दिने कार्यक्रमलाई द्रुत गतिमा अगाडि बढाउने, प्रविधियुक्त तथा सूचना प्रविधिसम्बन्धी अध्ययन गर्न इच्छुक युवालाई सरकारले शैक्षिक कर्जा दिने, नेपालमा रहेका विभिन्न खाना, परिकार, सांस्कृतिक सम्पदा, पर्यटकीयस्थल, हिमाल तथा अन्य पर्यटकीय गन्तव्यलाई एकीकृत गर्दै युवालाई जानकारी गराउने, राज्यले युवाका लागि गर्ने प्रोत्साहन, पुरस्कार र सम्मानमा पहुँचभन्दा पनि योग्य र दक्षलाई छनोट गर्ने प्रचलनको विकास गर्नु आवश्यक छ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पदक जितेका खेलाडीलाई राष्ट्रिय सम्मान गर्ने र उनीहरूलाई मासिक तलब तथा भत्ता नियमित दिनेगरी व्यवस्था मिलाउनुपर्छ। यसरी युवा र खेलाडीलाई प्रोत्साहन गर्दा युवामा थप उत्प्रेरित गराउन सकिन्छ र राज्यप्रति उत्तरदायी बनाउन सकिन्छ। यस्तै राज्यबाट युवाका लागि घोषणा हुने विभिन्न कार्यक्रम युवा मन्त्रालय अन्तर्गतका विभिन्न कार्यालय एवं सङघसंस्था परिचालन गरेर युवाका पहुँचमा पुऱ्याउन पहलकदमी हुनुपर्छ । सरकारले युवावर्गलाई उद्यमी, स्वरोजगार, व्यवसायी बनाउनका लागि ल्याएको कार्यक्रमलाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ । राजनीतिक दलले आफ्नो सरकार गठन भएका बेला युवावर्गलाई योजनामा जागीर दिंदै आएका छन् । जसका कारण युवामैत्री कार्यक्रम राजनीतिक दलका युवाहरूको रोजगार केन्द्र जस्तै भएको छ ।

त्यसैले श्रम निर्यात गरेर कुनै पनि मुलुक समृद्ध हुन सकेको उदाहरण छैन। मुलुकको आर्थिक विकास र समृद्धिका लागि वस्तु निर्यात गर्नैपर्छ। यसका लागि मुलुकभित्रै आन्तरिक उत्पादन बढाउनुपर्छ । आन्तरिक उत्पादनले एकातिर आन्तरिक आवश्यकता परिपूर्ति गर्छ भने अर्कातिर वस्तु निर्यात गरेर मुलुकको अर्थतन्त्र सबल, सक्षम र सुदृढ बनाउँछ। मुलुकभित्र उद्यमशीलताको विकास गरी विभिन्न उद्योग–व्यवसायहरूको स्थापना एवं सञ्चालन नगरी उत्पादन बढाउन सकिंदैन । उत्पादन नबढाइ आम्दानी हुने कुरै भएन। आम्दानी नबढाइ देशमा समृद्धि सम्भव छैन । त्यसैले आयातमुखी अर्थतन्त्रलाई उत्पादनमुखी बनाउन एवं आयात विस्थापन र रोजगार सृजना गर्ने खालका परियोजनामा लगानी बढाउनुपर्ने अहिलेको प्रथम आवश्यकता हो र सरकारको अर्जुनदृष्टि यसैतर्फ उन्मुख हुनुपर्छ ।



**बिक्रीका लागि प्याजका बिरुवा उखेल्दैः** घोराही उपमहानगरपालिका–६ बचाहाका किसानले तयार गरेका प्याजका बिरुवा बिक्रीका लागि घोराही बजार लैजान उखेल्दै । यहाँ प्याजको बिरुवा प्रतिमुठा रु १०० देखि २०० मा बिक्री हुने गरेको उनीहरू बताउँछन् । तस्बिरः रञ्जीता अधिकारी/रासस

# वीरगंजबाट डिजेल आयात घट्यो, पेट्रोल बढ्यो

वीरगंज, ११ पुस/रासस

वीरगंज नाकाबाट डिजेल आयात घटेको छ भने पेट्रोलको पैठारी बढेको छ। चालू आर्थिक वर्षको पाँच महीनामा डिजेलको आयात एक दशमलव १३ प्रतिशतले घटेको वीरगंज भन्सार कार्यालयले जनाएको छ ।

सो अवधिमा राजस्व सङ्कलनमा पनि छ दशमलव ९१ प्रतिशतले गिरावट आएको छ। आव २०८१/८२ को पाँच महीनामा ३२ अर्ब ३५ करोड २६ लाख ८८ हजारको तीन लाख ६६ हजार ७१९ किलोलिटर डिजेल आयात भएको थियो।

गत आवको सोही अवधिमा भने रु ४० अर्ब ३६ करोड ५० लाख १५ हजारको तीन लाख ७० हजार ९२० किलोलिटर डिजेल आयात भएको थियो । चालू आवको पाँच महीनाको अवधिमा डिजेल आयात घटे पनि पेट्रोल आयातमा भने वृद्धि भएको छ ।

चालू आवको पाँच महीनाको अवधिमा रु १६ अर्ब २१ करोड दुई लाख २७ हजारको एक लाख ८८ हजार ३४५ किलोलिटर पेट्रोल आयात भएको छ । गत आवको सोही अवधिमा भने रु १६ अर्ब ३९ करोड ८० लाख ६० हजारको एक लाख ६२ हजार ४६ किलोलिटर पेट्रोल आयात भएको थियो। गत आवको पाँच महीनाको तुलनामा चालू आवको सोही अवधिमा पेट्रोलको आयात १६ दशमलव २३ प्रतिशत र राजस्वको आधारमा भने १२ दशमलव ५२ प्रतिशतले बढेको उक्त कार्यालयले जनाएको छ ।

मोतिहारी–अमलेखगंज पेट्रोलियम पाइपलाइनबाट डिजेल आयात हुने गरेको छ भने पेट्रोल ट्याङ्करबाट नै पैठारी हुँदै आएको छ। नेपाल आयल निगमले यो महीनाभित्रै पेट्रोल र मटीतेल पनि पाइपलाइनबाट ल्याउनेगरी तयारी थालेको जनाएको छ।

यसैबीच, नेपाल निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवि सिंहले पूर्वाधार निर्माणको समय शुरू भएकाले अब क्रमशः पेट्रोलियम पदार्थको खपत वृद्धि हुने बताएका छन् ।

# पेट्रोलियम पदार्थको अन्वेषण अन्तिम चरणमा

दैलेख, ११ पुस/रासस




पेट्रोलियम पदार्थ अन्वेषणको काम अन्तिम चरणमा पुगेको छ। खानी तथा भूगर्भ विभागका अनुसार हिजो बुधवारसम्म तीन हजार ९३० मिटर ‘ड्रिलिङ’ सम्पन्न भएको छ । अब ७० मिटर मात्र खन्न बाँकी छ ।

दैलेखको भैरवी गाउँपालिका–१ जलजले क्षेत्रमा गत वैशाख २८ गतेदेखि पेट्रोलियम पदार्थ र प्राकृतिक ग्याँस अन्वेषणका लागि ड्रिलिङ प्रारम्भ भएको थियो। विभागका पेट्रोलियम परियोजना प्रमुख गणेशनाथ त्रिपाठीका अनुसार यसै महीना ड्रिलिङ सक्ने लक्ष्यका साथ काम भइरहेको छ ।

चिनियाँ प्राविधिक टोलीले पहिलो चरणमा ‘सिस्मिक सर्भे, जियोलोजिकल सर्भे, म्याग्नेटो टेल्युरिक सर्भे र जिओ केमिकल स्याम्पलिङ सर्भे’ तोकिएकै समयमा सम्पन्न गरेको थियो भने ड्रिलिङको काम पनि निर्धारित समयअगावै सम्पन्न गरिने उनले बताए ।

चीन सरकारको रु दुई अर्ब ५० करोड अनुदानमा यो परियोजना कार्यान्वयनमा छ। परियोजना अन्तर्गत ड्रिलिङका लागि भैरवी गाउँपालिका–१ जलजलेमा ४५ रोपनी जग्गा अधिग्रहण गरिएको थियो। चिनियाँ र नेपाली गरी ८० जनाको समूहले उत्खनन गरिरहेको छ। विभाग, चाइना जियोलोजिकल सर्भे तथा सिबु ड्रिलिङ इन्जिनीयरिङ कम्पनी परियोजना कार्यान्वयनमा व्यस्त छन् ।

## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज–४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरज कुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. प्रशान्त कुमार साह (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. स्वेता गुप्ता, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

# दुर्घटना न्यूनीकरण लागि सचेतना कार्यक्रम


तस्वीरः प्रतीक

नितेश कर्ण, सर्लाही, ११ पुस/

उखु ढुवानी गर्ने सवारीसाधनहरूबाट हुन सक्ने सवारी दुर्घटना न्यूनीकरणका लागि जिल्ला ट्राफिक प्रहरी कार्यालय, सर्लाहीले दुर्घटना न्यूनीकरण विशेष अभियान सञ्चालन गरिरहेको छ।

ट्राफिक प्रहरीले उखु ढुवानी गर्ने सवारीसाधनहरूमा रातिको समयमा टल्कने 'सावधान उखु बोकेको सवारी' भन्ने ब्यानर झुन्डयाइएका थिए।

अभियान अन्तर्गत क्षमताभन्दा बढी उखु लोड नगर्न भनिएको, नम्बर नलेखिएका सवारीहरूमा नम्बर लेख्न लगाएको, टयाक्टरको पछाडिको भागमा फ्लोरेसेन्ट स्टिकर टाँस गरिएको तथा चालकहरूले सडकमा सवारी चलाउँदा ध्यान पुऱ्याउनुपर्ने कुरा र ट्राफिक नियम सम्बन्धमा जनचेतनामूलक कार्यक्रम गरिरहेको ट्राफिक प्रहरी कार्यालय, सर्लाहीले जनाएको छ।

# सालको काठ कटानमा संलग्न दुईजना पक्राउ

प्रमोद यादव, पंचगावाँ, ११ पुस/

पर्सागढी नगरपालिका–३ मा सालको रूख कटानमा संलग्न रहेको आरोपमा दुईजनालाई सबडिभिजन वन कार्यालयले पक्राउ गरेको छ।

जमदार जीतबहादुर तामाङ नेतृत्वको गश्ती टोलीले राष्ट्रिय वन क्षेत्रमा सालको रूख काट्दै गरेको अवस्थामा पर्सागढी नपा–३ बडनिहार बस्ने ओसियर ठाकुर र धर्मेन्द्रदास थारूलाई पक्राउ गरी कारबाईका लागि डिभिजन वन कार्यालय, पर्सा पठाएको छ।

वन सम्पदाको सुरक्षाका लागि गश्ती अभियान सशक्त बनाइएको सबडिभिजन वन कार्यालय, बडनिहारले जनाएको छ।






## वायु प्रदूषणको असर कम गरौं

- व्यक्तिगत सवारीको सट्टा ठूला र एकैपटकमा धेरैले प्रयोग गर्न मिल्ने सार्वजनिक सवारीको प्रयोग बढाऔं,
- डिजेल र पेट्रोलबाट चल्ने सवारीसाधनको विकल्पमा विद्युतीय सवारीसाधनको प्रयोग गरौं,
- आफूले प्रयोग गर्ने सवारीसाधनको इन्जिन राम्रोसँग मर्मत गरौं, नियमित प्रदूषण जाँच गरौं,
- उद्योग तथा कलकारखानामा प्रदूषण नियन्त्रण प्रविधिहरू प्रयोग गरौं,
- फोहोरमैलालाई जलाउने कार्य नगरौं, उचित व्यवस्थापन गरौं,
- कच्ची सडकहरू मर्मत तथा कालोपत्र गरौं,
- वृक्षारोपण गरौं, वनजङ्गलको संरक्षण गरौं,

**वायु प्रदूषणको असर कम गर्न सहयोग गरौं। स्वस्थ वातावरण निर्माणमा योगदान पुऱ्याऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड


## लागूऔषध मुद्दाका फरार दुईजना पक्राउ

प्रमोद यादव, पंचगावाँ, ११ पुस/

लागूऔषध मुद्दामा फरार रहेका दुईजना अभियुक्तलाई इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीले पक्राउ गरेको छ।

स्म्याकसहित एक वर्ष अघि पक्राउ परेका मन्जुर राम र हृदयनारायण पटेल धरौटीमा रिहा भएपनि अदालतको तारिख तोडेर फरार भएका थिए। इप्रका, पटेर्वासुगौलीका प्रहरी निरीक्षक मोहनजङ्ग बुढाथापाले उनीहरूलाई बिहीवार बिहान निचुटाचोकबाट पक्राउ गरेका थिए।

पक्राउ परेका राम र पटेललाई पर्सा जिल्ला अदालतमा बुझाइने प्रनि बुढाथापाले बताए।

### विद्युत् चुहावट ...

नं ३ जयमङ्गलापुरका विजय गिरी, वडा नं ५ भिस्वाका जीतेन्द्र साह, पोखरिया



नपा–२ डम्बरवानाका बुधन माझी, वडा नं २ लमरियाका सन्दीपकुमार राम र पकाहामैनपुर गापा–४ लहावरथकरीका राजेश यादवलाई पक्राउ गरेको छ।

पक्राउ परेकालाई कारबाईका लागि इलाका प्रहरी कार्यालय, पोखरियामा राखिएको र जरिवाना असुल गरी छाडिने इन्चार्ज हुसेनले बताए।


Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## निजगढमा चौथो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता शुरू

प्रस, निजगढ, ११ पुस/

नगरस्तरीय चौथो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता बिहीवारदेखि निजगढमा शुरू भएको छ। कार्यक्रमका प्रमुख अतिथि एवं मधेस प्रदेशसभा सदस्य मीना लामाले उद्घाटन गर्दै प्रतियोगितालाई निरन्तरता दिनुपर्नेमा जोड दिइन्।


प्रतियोगिताको उद्घाटन गर्दै मधेस प्रदेशसभा सदस्य मीना लामा। तस्वीरः जीतलाल श्रेष्ठ

प्रतियोगिताका बखत मात्र विद्यार्थीहरूलाई खेलमा सहभागी गराउनुभन्दा विद्यालयले नियमितरूपमा उनीहरूको रुचि अनुसारका खेल गराउनुपर्ने उनको भनाइ थियो। उनले विद्यार्थी जीवन काँचो माटोजस्तै भएकोले विद्यार्थीहरूलाई उनीहरूको चाहना अनुसार आकार दिन सकिने बताइन्। उनले विद्यालयमा पठनपाठनका साथै खेललगायतका अतिरिक्त क्रियाकलाप निरन्तर गरिनुपर्ने सुझाइन्।

कार्यक्रममा निजगढ नपाका प्रमुख सुरथ पुरीले सरकारले प्रत्येक वर्ष स्थानीय पालिकालाई राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि थोरै रकम पठाउने गरेको गुनासो गरे। उनले विद्यालय औपचारिक शिक्षा दिने ठाउँ मात्र नभएको जिकिर गर्दै औपचारिक शिक्षा दिनका लागि पनि मानसिक र शारीरिक स्वास्थ्य ठीक हुनुपर्ने बताए। उनले निजगढ नपाले गत वर्षको प्रतियोगितामा अभाव महसूस गरी आवश्यक खेल सामग्रीहरू वितरण गरेको बताए। उनले विद्यालयहरूले शैक्षिक क्यालेन्डर बनाइ खेलकूद क्षेत्रलाई पनि अनिवार्यरूपमा समेट्नुपर्ने सुझाए।

उपप्रमुख सोममाया थिङले विद्यालयहरूमा पठनपाठनका साथै खेलकूदलगायत अन्य विधाहरूमा पनि विद्यार्थीहरूका रुचि अनुसारका ज्ञान, सीपको विकास गर्दै लैजानुपर्ने बताइन्।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत अजय बर्तौला, अधिकृत अजय उप्रेती, समाजसेवी, बुद्धिजीवीलगायतले मन्तव्य व्यक्त गरेका थिए। प्रतियोगितामा भलिबल, तेक्वान्दो, कबड्डी, दौडलगायतका २९ विधा रहेको र नपाका नौवटा सामुदायिक विद्यालयका ३५० जना विद्यार्थी सहभागी रहेको शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख उत्तम लामिछानेले जानकारी दिए। निजगढको शहीद हीरालाल रङ्गशाला, सिगौंल र रतनपुरीमा प्रतियोगिता एकै साथ सञ्चालन भइरहेको छ। कार्यक्रमको सहजीकरण शिक्षक हस्तबहादुर लामाले गरेका थिए।

## चौथो सिद्धपुर फूटबलः बकुलिया सेमिफाइनलमा



प्रस, पर्सागढी, ११ पुस/

सखुवाप्रसौनी गाउँपालिका–१ सिद्धपुरमा जारी चौथो सिद्धपुर गोल्डकप फूटबल प्रतियोगिता अन्तर्गत बिहीवार सम्पन्न दोस्रो क्वार्टरफाइनल खेलमा बकुलिया, बारा विजयी भएर सेमिफाइनलमा पुगेको छ।

जीतपुरसिमरा उपमहानगरपालिका अन्तर्गतका नगोल र बकुलियाबीच आज भएको क्वार्टरफाइनलमा बकुलियाले नगोललाई शून्यका विरुद्ध तीन गोलले पराजित गरेको हो।

पहिलो हाफमा एक र दोस्रो हाफमा बकुलियाले दुई गोल गरेको थियो। आजको खेलको उत्कृष्ट खेलाडी बकुलियाका प्रवीण चौधरी घोषित भए।

## खेलाडी शेखद्वयलाई नगदसहित सम्मान

प्रस, वीरगंज, ११ पुस/



वीरगंज महानगरपालिका–१० ले क्रिकेट खेलाडी आरिफ शेख र आसिफ शेखलाई बिहीवार नगदसहित सम्मान गरेको छ। कार्यक्रममा वडाध्यक्ष सुशील साह कानूले एनपिएल प्रतियोगितामा जनकपुर बोल्ट्सलाई विजेता बनाउने कप्तान आसिफ शेख र सुदूरपश्चिम रोयल्सलाई उपविजेता बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने आरिफ शेखलाई जनही ५१ हजार नगद र प्रशंसापत्रसहित सम्मानित गरेका थिए।

वडाध्यक्ष कानूले वीरगंजको प्रतिनिधित्व गर्दै खेलाडीद्वयले एनपिएलमा उत्कृष्ट प्रदर्शन गरी वीरगंजको नाम उच्च बनाएको बताए। उनले आगामी दिनमा युवापुस्तालाई खेलकूदतर्फ आकर्षित गर्न शेख दाजुभाइ प्रेरणाका स्रोत रहेको बताए।

## ज्ञानदाद्वारा १०औं वार्षिक खेलकूद कार्यक्रम शुरू

प्रस, वीरगंज, ११ पुस/

ज्ञानदा एकेडेमीले १०औं वार्षिक खेलकूद कार्यक्रम बिहीवारदेखि शुरू गरेको छ। छात्रछात्राहरूले स्वागत गीत, संस्कृतमा मङ्गल पाठ, ड्रिल, मार्चपासका साथै सांस्कृतिक झाँकी प्रस्तुत गरी वार्षिक खेलकूद कार्यक्रम शुरू गरेका थिए। तीन दिनसम्म सञ्चालन हुने खेलकूद कार्यक्रम अन्तर्गत पहिलो दिनको खेलमा पिजीदेखि कक्षा २ सम्मका छात्रछात्राले भाग लिएका थिए।



ज्ञानदाका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रप्रसाद कोइरालाले बौद्धिक विकासका साथै विद्यार्थीको शारीरिक एवं मानसिक विकासका लागि खेलकूदले उचित वातावरण तथा अवसर प्रदान गर्ने बताए।

प्रमुख अतिथि भारतीय महावाणिज्य दूतावासका चान्सरी तरुणकुमार सिंहले सहभागी विद्यार्थीहरूलाई सामूहिक कार्यको महत्त्व र विद्यार्थीहरूको चौतर्फी विकासका लागि खेलकूद आवश्यक भएको बताए।

नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष ओमप्रकाश खनालले खेलकूद एउटा विषय मात्र नभएर व्यक्तित्व एवं बौद्धिक विकास र समग्र दैनिक क्रियाकलापसँग जोडिएकोले यसले जीवनलाई सुदृढ बनाउन मदत गर्ने बताए।

शिक्षा विकास तथा समन्वय एकाइका मोतीराम भट्टराईले स्वस्थ शरीरले मस्तिकको विकास गर्ने र सोको लागि खेलकूदलाई पनि जीवनको एउटा अङ्ग मान्नुपर्ने बताए।

पहिलो दिनको खेलकूद कार्यक्रममा बल ब्यालेन्सिङ खेल, एरेन्जिङ द बल अबस्टेकल रेस, बल रिले रेस, स्कीप द हुप्स, हुला हुप्स, रिप्लेस द बल, बिन बैग बैलेन्स रेस, हुप्स रिले, पासिङ द पार्सल, बल रोलिङ आदि खेलहरूमा प्रतिस्पर्धा भएको थियो।